# संवत् २०७९ साल साउन २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आगामी भदौ ७-९ मा संयुक्त राष्ट्र संघको आयोजनामा थाइल्याण्डको राजधानी बैंककमा हुने South - South Exchange on preparing smooth Transition strategies: Graduating Cohort of 2021 कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय योजना आयोगका सचिवलाई स्वीकृति दिने। |
| ३ | अर्थ मन्त्रालय | विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्राप्त हुने अमेरिकी डलर १०० मिलियन (करिब रु.१२ अर्ब ७० करोड) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| ४ | अर्थ मन्त्रालय | जापान सरकारबाट पूर्वी तराईको सिँचाइ प्रणाली पुर्नस्थापना आयोजनाका लागि प्राप्त हुने जापानी येन २२५६ मिलियन (करिब रु.२ अर्ब १३ करोड ६४ लाख) अनुदान सहायता स्वीकार गर्ने। |
| ५ | अर्थ मन्त्रालय | सबै तहका निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, स्वास्थ्य सेवा, संसद सेवा, सामुदायिक बिद्यालयमा कार्यरत शिक्षकका लागि २०७९ साउन १ गते देखि लागु हुने गरी नयाँ तलबमान एवम् ग्रेड स्वीकृत गर्ने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | आ.व.२०७९/८०का लागि मन्त्रालय अन्तर्गत विभिन्न आयोजनाहरूका लागि राजपत्रांकित श्रेणीका ५१ वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ८ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | आ.व. २०७९/८० का लागि मन्त्रालय अन्तर्गत राजपत्रांकित श्रेणीका ५८ वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ९ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | आ.व. २०७९/८० का लागि मन्त्रालय अन्तर्गत राजपत्रांकित श्रेणीका २० वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १० | गृह मन्त्रालय | सशस्त्र प्रहरी सेवा आयोगको सदस्य तोक्ने। |
| ११ | गृह मन्त्रालय | नसीम राईनको प्रमाणपत्र नं.१५-०१-७१-०५७४०, मिति २०७१/०८/०७ मा जारी भएको वंशजको नागरिकता रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने। |
| १२ | गृह मन्त्रालय | सप्तकोशी नदीमा आएको बाढीबाट बढी क्षति भएका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने। |
| १३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | पर्वत जिल्ला कुस्मा नगरपालिका वडा नं.५ स्थित १३-१५-०-० रोपनी जग्गामध्ये जिल्ला समन्वय समिति, पर्वतले भोगचलन गरेको ६-६-२-१ रोपनी जग्गामध्ये २-९-३-३ रोपनी जग्गा कुस्मा |

| | | |
|---|---|---|
| | | नगरकार्यपालिकाको प्रशासकीय भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने। |
| १४ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | आ.व. २०७९/८० का लागि मन्त्रालय अन्तर्गत राजपत्रांकित श्रेणीका ३५५ वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १५ | युवा तथा खेलकुद मन्त्रालय | आ.व. २०७९/८० का लागि मन्त्रालय अन्तर्गत राजपत्रांकित श्रेणीका १५ वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १६ | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन (पहिलो संशोधन) निर्देशिका,२०७९ स्वीकृत गर्ने। |
| १७ | रक्षा मन्त्रालय | भारतीय सेनाका स्थल सेनाध्यक्षलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने। |
| २० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | US Department of Energy को आयोजनामा आगामी १४-१८ नोभेम्बर २०२२ मा अमेरिकामा आयोजना हुने Fundamental of Non-Destructive Assay of Safeguards Professional मा नेपालको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) लाई भाग लिन स्वीकृति दिने। |
| २२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | रोमानियाको बुखारेष्टमा ITU को आयोजनामा २०७९ साल असोज १० देखि असोज २८ गतेसम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय दूरसञ्चार संघको Plenipotentiary Conference PP-२२ मा सहभागी हुन माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई स्वीकृति दिने। |
| २३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | आ.व. २०७९/८० का लागि मन्त्रालय अन्तर्गत राजपत्रांकित श्रेणीका २३ वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| २४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-३ हेरफेर गर्ने र सो को नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने। |